

# अध्याय -१०

## अन्तिम दिनहरू

*<u>यस अध्यायका मुख्य पदहरू:</u>* मर्कूस १२:४१-४४, मर्कूस १३:१-३२, दानिएल ९:२४-२७, दानिएल ७:२५, १ थेस्सोलिनिकी ४:१३-१८।

**<u>*यस अध्यायको मूल सार पद:*</u> "अनि त्यस समयमा मानिसहरूले मानिसको पुत्रलाई महाशक्ति र महिमासित बादलमा आउँदैगरेको देख्नेछन्। तब उनले स्वर्गदूतहरूलाई पठाउनेछ, र पृथ्वीको अन्त्यदेखि आकाशको अन्त्यसम्म चारै दिशाबाट आफ्ना चुनिएकाहरूलाई भेला गर्नेछ।" मर्कूस १३:२६-२७।**

एक जना विधवीको छोटो कथाबाट मर्कूस १२ अध्याय समाप्त गरिएको छ। उनको काम सानै भएतापनि उनलाई लक्षित गरेर येशूले एक गहिरो र गम्भीर भनाइ व्यक्त गर्नुभएको थियो।

यस अध्यायको मुख्य भाग मर्कूस १३ अध्याय हो। उहाँले यरुशलेम मन्दिरको भविष्य र अरू उल्लेखनीय भविष्यवाणी गर्नुभएको विवरण यस अध्यायमा छ। मत्ती २४ र लूका २१सँग तुलना गरेर यो अध्याय हेर्नु उचित छ। ती सबैमा यरुशलेमको पतन, अनि पछिका घट्नाहरूदेखि लिएर युगको अन्त्यसम्ममा हुने घट्नाहरू समावेश भएका छन्।

अगमवक्ताको समयदेखि येशूसम्म, उहाँदेखि युगको अन्तमा हुने विभिन्न घट्नाहरू र उहाँको दोस्रो महिमित आगमनसम्मको भविष्यवाणीको बृतान्त येशूले खुलाउनुभएको थियो। यस अध्ययनलाई अन्तिम युगको

भविष्यवाणी ऐतिहासिक दृष्टिकोणले हेरिन्छ। कतिले यी भविष्यवाणीहरू धेरै विगतका समयका लागि हो वा कता कता हो भविष्यमा पूरा हुने भनेर सिकाउँदछन्। यो गलत हो। सुरुदेखि अन्तसम्म भविष्यवाणीले निरन्तरता पाइरहन्छ भन्ने सेभेन्थ-डे एडभेन्टिस्टको शिक्षा हो।

*चेलाहरू येशूसँग हिँडेतापनि र उहाँसँग रहेतापनि तिनीहरूमा येशूको बारेमा गलत धारणा कायमै थियो। येशूको लक्षलाई नबुझेर चेलाहरूले उहाँलाई धेरै प्रश्नहरू गरेका थिए। प्रायजसो उहाँको जवाफ मर्कूसको पुस्तकमा येशूका शिक्षाहरूको रूपमा लेखिएको छ। चेलाहरूले सोधेका प्रश्नहरू वा उहाँको बारेमा गलत धारणाहरू उहाँसँग व्यक्त गर्दा त्यसलाई मौका ठानेर येशूले येशूभक्तको जीवन र अनुभवको निम्ति महत्त्वपूर्ण सत्य वा शिक्षा दिनुभएको थियो। येशूले केवल भविष्यवाणी मात्र गर्नुभएन। तर वर्तमान र आउने युगमा सामना गर्नुपर्ने कष्ट वा विषम् परिस्थितिको निम्ति कसरी तयार हुने भनेर सिकाउनुभएको थियो।*

## १. भेटीको निम्ति थोरै पैसा

**मर्कूस १२:४१-४४ पढ्नुहोस्। विधवीले कति पैसा भेटी चढाइन् र त्यसको बारेमा येशूको टिप्पणी कस्तो थियो? हेर्नुहोस्, " ४१ अनि उहाँ मन्दिरको भेटी चढ़ाउने ठाउँको सामुन्ने बस्नुभयो, र भीड़ले भेटीपात्रमा भेटी चढ़ाएको हेर्नुभयो। धेरै धनी मानिसहरूले ठूला-ठूला रकम चढ़ाए। ४२ अनि एउटी गरीब विधवाले आएर तामाका दुई सिक्का चढ़ाईन्। ४३ आफ्ना चेलाहरूलाई आफूकहाँ बोलाएर उहाँले तिनीहरूलाई भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, भेटीपात्रमा चढ़ाउनेहरूमध्ये यस गरीब विधवाले सबैभन्दा बढ़ी चढ़ाई। ४४ किनभने सबैले आफ्नो-आफ्नो प्रशस्तताबाट चढ़ाए, तर यस स्त्रीले चाहिँ आफ्नो दरिद्रताबाट आफ्नो सारा जीविका नै अर्पण गरी।"**

यरुशलेम मन्दिरको बनावट अत्यन्तै भव्य, सुन्दर र अचम्म लाग्दो कलात्मक थियो। मन्दिर भएको पहाडले सारा सहरको शोभा बढाएको थियो। यो अत्यन्तै आकर्षित र प्रभावकारी थियो। यो निर्माण गर्न ठुला ठुला ढुङ्गाहरू प्रयोग गरेका थिए। कतित त्यसका ओजनहरू सयौं टन वा हजारौं किलोका थिए। त्यो मन्दिरको पुननिर्माण र विस्तार हेरोद महानले ई.पू. २०मा सुरु गरेका थिए। तर सन् ६०ताका सम्म यसको निर्माण र सजावटले निरन्तरता पाएको थियो।

मन्दिरको परिसरमा स्त्रीहरूको आँगन थियो। त्यहाँ १३वटा ठूला सन्दुहरू थिए। त्यसमा धेरै मानिसहरूले थुप्रो भेटील्याएर राख्थे। यही परिसरमा येशू बसिरहनुभएको थियो। त्यसबेला एक जना विधवीले दुई लेप्ता वा सिक्क चढाइन्। त्यो सिक्का डिनारियसको ३२ भागको एक थियो। त्यो दिनभरि काम गरेर कमाउने एक दिनको तलब थियो। (हाल नेपाली मुद्रामा एक दिनारको भाउ दस रूपैयाँ भन्दा अलिकति कम छ)। त्यसकारण धनाढ्य र सम्पन्न मानिसहरूले चढाउने भन्दा त्यस विधवीको पैसा एकदम थोरै थियो।

उनको भेटीले येशूलाई अत्यन्तै प्रभावित पारेको थियो। धेरै धनी व्यक्तिहरूले धेरै भेटीहरू चढाएका थिए। तर तिनीहरूको बारेमा येशूले टिप्पणी गर्नुभएन। तर यस विधवीको भेटीलाई येशूले मुक्तकंठले प्रशंसा गर्नुभयो। अरुले भन्दा उनले धेरै भेटी चढाइन् भनेर उहाँले टिप्पणी गर्नुभयोऊ। अरूले भन्दा उनले धेरै दिइन् भनेर उहाँले भन्नुभयो। तर मानवीय हिसाबले यो कसरी सम्भव हुन्छ र? अरूले आफूसँग भएको धेरैबाट दिए तर उनले आफू गरिब भएतापनि आफूसँग भएको सबै दिइन्। अरुसँग आफ्नो अझै धेरै पैसा थियो। आफूले खर्च गर्नु पर्ने सबै पैसालाई उनले त्याग गरेका थिए। त्यो पैसा थोरै नै भएतापनि येशूको निम्ति अत्यन्तै सराहनीय थियो।

आफूसँग भएको स्रोतहरूलाई कसरी व्यवस्थित गर्ने भनेर यस कथाले गहिरो पाठ सिकाउँदछ। परमेश्वरको कामको निम्ति धेरै अगुवा, प्रतिष्ठित र धनीहरूको चन्दामा भर पर्दैन। त्यसबेलाका धार्मिक अगुवा, पुजारी र मठाधिसहरू भ्रष्ट थिए। तर मन्दिर (वा मिशन)का अगुवाहरूले भेटी वा दशांसलाई दुरुपयोग गरे भन्दैमा परमेश्वरको नाउँमा चढाउने भेटीलाई येशूले समर्थन नै गर्नुभएको थियो। त्यसबेलाका धार्मिक अगुवा जस्तै कायफास र आनास अत्यन्तै भ्रष्ट थिए। मन्दिरका महन्त, पुजारी र अरू कतिपय अगुवाहरू भ्रष्टाचारको केन्द्रविन्दु नै थिए। यो येशूलाई पूरै थाहा थियो।

यो सत्य हो कि धार्मिक वा अरू अगुवाहरूलाई (मिशनकै पनि) परमेश्वरको चाहना अनुसार आफूसँग भएका स्रोतहरूलाई परिचालन गर्न पवित्र जिम्मा दिएको छ। ती स्रोतलाई कसरी प्रयोग गरेको छ त्यसको लेखा परमेश्वरलाई तिनीहरूले नै दिनुपर्नेछ। येशूको नजरमा प्रत्येक येशूभक्तले एउटा ख्याल गर्नु अत्यन्तै जरुरी छः अगुवाहरूले परमेश्वरको नाउँमा आएको भेटीलाई दुरुपयोग नै गरेतापनि जसले उहाँको नाउँमा भेटी चढाउँछ त्यो व्यक्तिले

उहाँबाट आशिष पाउँछ। यस मामिलामा विधवीको भेटी एक ज्वलन्त उदाहरण हुन्।

मिशन वा धर्मका अगुवाहरूले आफ्ना भेटी वा दशांशहरूले उचित मात्रामा प्रयोग गरेन वा दिनेहरूको चाहना अनुसार चलाएन भनेर दिन रोक्नुको अर्थ ती दिनेहरू वा येशूभक्तहरूको ध्यान परमेश्वर प्रति आभारित भएर दिनुभन्दा ती अगुवाहरूमा मात्रै ध्यान दिएको ठहर्छ। बप्तिस्माको बारेमा आफूले शपथ खाए अनुसार दिनुपर्ने भेटी र दशांश मिशन वा चर्चका अगुवाहरूको मुख हेरेर दिने वा नदिने प्रवृत्ति येशूको नजरमा गलत छ। यहूदी धर्मका अगुवा वा मुख्य पुजारीहरूमा कायफास जस्तो अत्यन्तै भ्रष्ट अरू को होला? उनले त येशूलाई नै मार्न लगाए।

***परमेश्वरको कामको निम्ति चर्च वा अगुवाहरूको मुख नहेरी उहाँको मुख हेरी दिनु कतिको महत्त्व रहेछ भनेर यस विधवीको कथाले हामीलाई सिकाउँछ?***

## २. एक ढुङ्गामाथि अर्को ढुङ्गा रहनेछैन

**मर्कूस १३:१-१३ पढ्नुहोस्। मन्दिरको बारेमा येशूले व्यक्त गर्नुभएको भनाइ प्रति चेलाहरूको प्रतिक्रिया कस्तो थियो र तिनीहरूलाई उहाँले दिनुभएको जवाफ किन महत्त्वपूर्ण छ? हेर्नुहोस्: "१ जब उहाँ मन्दिरबाट निस्कँदैहुनुहुन्थ्यो, तब उहाँका चेलाहरूमध्ये एक जनाले उहाँलाई भने, "हेर्नुहोस्, गुरुज्यू, कति ठूला-ठूला ढुङ्गाहरू र कति भव्य भवनहरू।" २ येशूले तिनलाई भन्नुभयो, "यहाँ त एउटा ढुङ्गामाथि अर्को ढुङ्गा नछोडिने गरी सबै भत्काइनेछन्।" ३ अनि उहाँ मन्दिरको सामुन्ने जैतून डाँड़ामा बस्नुहुँदा पत्रुस, याकूब, यूहन्ना र अन्द्रियासले उहाँलाई गुप्तमा सोधे, ४ "हामीलाई भन्नुहोस्, यी घटनाहरू कहिले हुनेछन्? र यी सब कुरा पूरा हुनका निम्ति के चिन्ह हुनेछ?" ५ येशूले तिनीहरूलाई भन्नुभयो, "होशियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस्। ६ धेरै जना मेरो नाउँमा 'म उही नै हुँ' भन्दै आउनेछन्, र तिनीहरूले धेरैलाई भ्रममा पार्नेछन्। ७ जब तिमीहरूले लड़ाइँ र लड़ाइँहरूको हल्ला सुन्नेछौ, तब नडराओ। यस्ता घटनाहरू हुनु आवश्यक छ। तर अन्त्यको दिन आउनु अझ बाँकी नै छ। ८ किनभने जातिको विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य खड़ा हुनेछ। ठाउँ-ठाउँमा भूकम्पहरू जानेछन्, अनिकालहरू हुनेछन्। योचाहिँ स्त्रीलाई प्रसववेदना सुरु भएझैं सङ्कष्टको आरम्भ हो। ९ "तिमीहरू आफ्ना विषयमा होशियार रहो। तिनीहरूले तिमीहरूलाई अदालतमा सुम्पनेछन्। तिमीहरू सभाघरहरूमा**

**पिटिनेछौ। अनि हाकिमहरू र राजाहरूका सामुन्ने मेरो खातिर तिनीहरूलाई गवाही दिन तिमीहरू खड़ा हुनेछौ। १० र पहिला सबै जातिहरूलाई सुसमाचार प्रचार गरिनुपर्छ। ११ जब मानिसहरूले तिमीहरूलाई पक्री लगेर मुद्दा चलाउँछन्, तब के बोलौं भनी अघिबाटै फिक्री नगर। तर त्यसै बेला जे तिमीहरूलाई दिइन्छ, त्यही बोल, किनकि बोल्ने तिमीहरू होइनौ, तर पवित्र आत्मा हुनुहुनेछ। १२ "एउटा भाइले अर्को भाइलाई मृत्युको लागि सुम्पनेछ, र त्यसै गरी बाबुले छोरालाई। छोरा-छोरीहरू आमाबाबुहरूका विरुद्धमा खड़ा हुनेछन्, र तिनीहरूलाई मार्न लाउनेछन्। १३ अनि मेरो नाउँको खातिर तिमीहरू सबैबाट घृणित हुनेछौ, तर जो अन्त्यसम्म स्थिर रहन्छ त्यसैको उद्धार हुनेछ।"**

मन्दिरको संरचना अत्यन्तै भव्य थियो भनेर हामीले पढ्यौं। त्यसबेलाको इतिहासकार योसिफसले त्यस मन्दिरको दक्षिण भागमा रहेको शाही कोठाको बारेमा विवरण दिएका छन्। त्यस कोठामा १६२वटा खम्बाहरू थिए। ती प्रत्येक खम्बा यति ठुलो थियो कि त्यसलाई तीन जना मानिसका हातले त्यसलाई घेर्न सक्थ्यो (*आन्टिक्विटी,* १६.११.५ पृ. ४१३-४१४)। येशूले भन्नुभयो ती सबै भत्काएर फ्याँकिनेछ। यस किसिमको भविष्यवाणी श्रोताको निम्ति त संसारकै अन्त हुने कुरो जस्तो थियो होला।

"जब भव्य मन्दिर प्रति आकर्षित हुनु भएर येशूले आफ्नो ध्यान त्यतातिर फर्काउनुभएको थियो तब उहाँलाई अस्वीकार गर्नेहरू प्रति उहाँको सोच कस्तो थियो होला! त्यो भावना उहाँले व्यक्त गर्नुभएन। अगाडि उहाँले हेरिरहनुभएको दृश्य सुन्दर त थियो तर उहाँलाई कस्तो दुःख लागिरहेको थियो होला? भवनहरू भव्य थिए। शायद उहाँले भनिरहनुभएको होला, तिमीहरूले ती पर्खालहरूलाई औंल्याइरहेकाछौ। ती कसरी भत्किने छ होला भनेर तिमीहरूले सोचिरहेका होला। तर मेरो कुरा सुनः त्यो दिन आउनेछ 'यहाँ त एउटा ढुङ्गामाथि अर्को ढुङ्गा नछोडिने गरी सबै भत्काइनेछन्।'" *दिजाएर अभ एजेज,* ६२७।

ती भविष्यवाणीहरू कहिले पूरा हुनेछन् भनेर चेलाहरूले सुन्न चाहेका थिए। केवल सानो समूह पत्रुस, याकूब, यूहन्ना र आन्द्रयुले विनाश हुने समय भन्न जिज्ञासा राखेका थिए भनेर मर्कूस १३:४मा लेखिएको छ। ती सबै हुनेछ भन्ने शङ्केत पनि थाहा दिन तिनीहरूले उहाँलाई सोधेका थिए।

मर्कूस १३:५-१३मा येशूले आफ्नो समय यरुशलेमको पतनको बारेमा व्याख्या गर्न धेरै समय बिताउनु भएन। यो महत्त्वपूर्ण छ किनकि

उहाँले सुरुको चर्च स्थापना गर्न तिनीहरूको भूमिका कस्तो हुनेछ भनेर तिनीहरूले अपेक्षा गर्नुपर्छ भन्दै विस्तृत रूपमा तिनीहरूलाई सजग गराउनुभएको थियो। सुरुको चर्च स्थापना गर्न सजिलो, रमाइलो र रमझम होला जस्तो थिएन। तिनीहरूको आत्मिक यात्रा सोचेको जस्तो सजिलो र रमाइलो हुनेछैन। यस संसारमा तिनीहरू आनन्द र सुविधा पूर्वक जीवन बिताउने छैन भन्दै उहाँले तिनीहरूलाई सापति आश्वासन दिनुभएन।

तिनीहरूलाई सताइनेछ, तिनीहरूको विरुद्ध मुद्दा लगाइनेछ र तिनीहरूमा कतिपयलाई मार्नेछन् भन्न तथ्यलाई उहाँले लुकाउनुभएन। तर ती सबै भएतापनि युगको अन्त्य अझै हुनेछैन भनेर उहाँले तिनीहरूलाई आभास दिनुभएको थियो। भयानक आपत्तिजनक, डरलाग्दो र आतङ्कित घट्नाहरूले तिनीहरू धोका पाउनु हुँदैन भन्ने उहाँले सुनाउनुभएको थियो। जब तिनीहरू मानिसहरूको सामु उभिनुपर्नेछ तब तिनीहरूले के भन्नुपर्ने हो सो पवित्र आत्माले नै तिनीहरूलाई मुखमा राखिदिनेहुनेछ र तिनीहरूका परिवार र मित्रहरूले तिनीहरूलाई त्यागनेछन् रे।

येशूले उच्चारण गर्नुभएको यस भविष्यवाणीको आशय यो हो कि आततायी, कष्ट र विषम् परिस्थितिमा परमेश्वरका जनहरू डराउनुहुन्न। तिनीहरू चनाखो त हुनै पर्छ। परमेश्वरको आत्माले ती सबै शङ्कष्टको समयमा तिनीहरूलाई थामि राख्नुहुनेछ।

***येशूलाई विश्वास गर्दा तपाईंले कस्तो दुःख भोग्नुभएको थियो? यदि कुनै दुःख आइपरेको छैन भने के तपाईंले उहाँलाई पछ्याइ नै रहेको छ कि भनेर उहाँलाई सोध्न के आवश्यकता छैन र?***

## ३. विनाशकारी घृणित थोक

**मर्कूस १३:१४-१८ पढ्नुहोस्। "विनाशकारी घृणित थोक" भनेको के हो भनेर केले संकेट दिन्छ? हेर्नुहोस्: "१४ "जब तिमीहरू विनाशकारी घृणित थोकलाई जहाँ हुनु नपर्ने त्यहीं उभिएको देख्छौ (पढ्नेले बुझोस्), तब यहूदियामा हुनेहरू पहाड़हरूतिर भागून्। १५ घरको कौसीमा हुने तल नओर्लोस्, न त आफ्नो घरबाट केही निकाल्नलाई भित्र पसोस्। १६ खेतमा हुने आफ्नो खास्टो लिन पछाडि नफर्कोस्। १७ तर हाय, ती दिनमा गर्भवती र दूध खुवाउने आमाहरूलाई! १८ त्यो हिउँदमा नहोस् भनी प्रार्थना गर।"**

मर्कूस १३:१४मा यरुशलेम पतनको मुख्य विषयवस्तुलाई येशूले औँल्याउनुहुन्छ। उहाँले त्यस विषयवस्तुलाई "घृणित थोक" भन्नुभएको छ। पाठकले नै बुझ्नुपर्छ भनेर प्रभुले भन्नुहुन्छ। उहाँले चेलाहरूलाई दानिएलको पुस्तकतिर औँल्याउनुभएको थियो। यो "घृणित थोक" भन्ने व्याक्यांश दानिएल ९:२७, ११:३१ र दानिएल १२:११ मा दानिएल ८:१३सँग मिल्ने गरेर उल्लेख गरिएको छ।

**दानिएल ९:२५-२७ पढ्नुहोस्। "अभिषित जन" को हो र "आउने राजकुमार" को हो? हेर्नुहोस्, "२५ "यो जान र बुझ, यरूशलेमको पुनर्स्थापन र पुनर्निर्माण गर्न यो आदेश जारी गरेको समयदेखि अभिषिक्त जन, अर्थात् एक शासक नआउञ्जेलसम्म सात 'सातहरू' र बयसट्ठी 'सातहरू' हुनेछन्। गल्ली र सुरुङहरूसहित यसको पुनर्निर्माण हुनेछ, तर दुःखको समयमा। २६ बयसट्ठी 'सातहरू' पछि ती अभिषिक्त जन हटाइनेछन् र तिनीसँग केही पनि रहनेछैन। शासकका मानिसहरू आएर त्यस सहर र पवित्रस्थानलाई विनाश गर्नेछन्। अन्त बाढ़ीझैं आउनेछः लड़ाइँ अन्तसम्म रहनेछ, र उजाड़ अवस्थाहरूको आदेश जारी भएको छ। २७ धेरै जनासित एक 'सात' * को लागि तिनले एउटा करारको सदर गर्नेछन्। 'सात'-को बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन्। अनि मन्दिरको एक भागमा तिनले विनाशकारी घृणित थोक खड़ा गर्नेछन्, जबसम्म तिनीमाथि आदेश गरिएको अन्त खन्याइनेछैन।"**

दानिएल ९:२६मा उल्लेख गरिएको "अभिषिक्त जन" हिब्रू शब्दमा मसीह *masiah* हो। यही शब्द अङ्ग्रेजीमा पनि *मसीह* भनेर सम्बोधन गरिएको छ। दानिएल ९:२४-२७ गहिरिएर हेरियो भने त्यो अभिषिक्त जन आउनु हुने येशू ख्रीष्टलाई सम्बोधन गरिएको स्पष्ट देखिन्छ।

तर "आउनुहुने राजकुमार" को हो त? यसले त यरुशलेम सहरलाई ध्वस्त पारिनेछ रे! यो सहरलाई रोमको सेनापति तितसले ध्वस्त पारेका थिए। त्यसकारण दानिएल ९:२६,२७मा सम्बोधन गरिएको राजकुमार उनी नै हुन भनेर तर्क गर्न सकिन्छ। दुई व्यक्तित्वहरूलाई एक आपसमा गाँसिएको पाइन्छ। जुन रूपमा मसीहलाई व्यवहार गरियो त्यसले सहरको बिनाशलाई निम्त्याइएको थियो।

यथार्थमा "घृणित थोक" भनेर दानिएललाई औँल्याउँदै येशूले सम्बोधन गर्नुभएको के हो त? दुर्भाग्यवस, बाइबलका धेरै विद्वानहरूले यो सम्राट् आन्टियोकस इपिफेनलाई सम्बोधन गरिएको हो भनेर विश्वास गर्छन्। उनले

ई.पू. दोस्रो शताब्दीमा यरुशलेम मन्दिर  बिथुलो पारेका थिए। यो तर्कयुक्त छैन। "घृणित थोक" येशूको समय पछि हुने भनेर उहाँले भन्नुभएको छ। त्यसकारण, उहाँ यस पृथ्वीमा सेवाकार्य गर्न आउनुभन्दा दुई शताब्दी अघि भएकोलाई सम्बोधन गर्नुभएको थियो भन्न मिल्दैन।

बरु, सन ६० को अन्त्यतिर रोमी साम्राज्यले इस्राएललाई कब्जा गर्दा मन्दिरलाई बिथुलो पारेर त्यसमा आफ्नै धार्मिक संस्कार स्थापना गरेको थियो। यो समयमा इसाईहरू सहर छोड्न येशूले भन्नुभएको थियो। तिनीहरू सहर छोडेर भाग्दा कुनै पनि इसाई मारिएको थिएन।

**येशूले भविष्यवाणी गरेकै अनुसार यरुशलेमको पतन भएको थियो। यसरी सबै भविष्यवाणीहरू सत्य हुन् र पूरा हुनेछन भनेर उहाँमाथि भरोसा राख्दै बाइबललाई हामीले कसरी विश्वास गर्न सक्छौं?**

## ४. महान विपद वा सङ्कष्ट

**मर्कूस १३:१९ले कुन घटनालाई सम्बोधन गरिएको छ? हेर्नुहोस्, "ती दिनहरूमा यस्तो महासङ्कष्ट आइपर्नेछ कि परमेश्वरले गर्नुभएको सृष्टिको सुरुदेखि अहिलेसम्म न त यस्तो भएको छ, न कहिल्यै हुनेछ।"**

मर्कूस १३:१४ मा उल्लेख गरिएको घृणित थोक भन्दा यस अध्यायका निर्णायक आधारहरू त्यस घृणित थोकहरूले घेरिएको पाइन्छ। मर्कूस १३:१९मा परिवर्तित विषय पनि छ। यसमा त्यस महान् सङ्कट वा विपदलाई औंल्याइको छ जुन संसारको सृष्टिदेखि कहिल्यै पनि भएको थिएन। यरुशलेमको पतनमा भएको सतावतभन्दा बढि र विस्तृत सतावत तथा कष्ट आउने अनुमान पनि औँल्याइएको छ। मर्कूस १३:१९मा व्यक्त गरिएका घट्नाहरू भविष्यकालतिर औँल्याइएको छ। यो येशूको समयभन्दा धेरै पछि हुने घट्नाहरू थिए।

जसरी मर्कूस १३:१४ ले दानिएल ९को भविष्यवाणीको प्रतिध्वनी गर्दछ, मर्कूस १३:१९-२३मा दानिएल ७ र ८ मा व्यक्त गरेका महान् सतावतका भविष्यवाणीहरूलाई प्रतिध्वनी गर्दछ। यहाँ सानो सिङ्गको शक्तिले समय, समयहरू र आधा समयसम्म परमेश्वरका जनहरूलाई भयानक सतावत वा यातना दिइनेछ भनेर उल्लेख गरिएको छ (दानिएल ७:२५)। यो १२६० भविष्यवाणीको काल अक्षरस वा वास्तविक १२६० वर्ष बराबर हो (गन्ती १४:३४, इजिएल ४:६)। यो काल सन ५३८देखि सन १७७९ सम्म

फैलिएको छ। यस समय फ्रान्सको शासक नेपोलियनले आफ्नो सेनापतिलाई पोपलाई बन्दी बनाउ पठाएका थिए। त्यसको अगाडि वा १२६०सम्म सानो सिङ्को शक्तिले वा पोपियतन्त्रले रोमन क्याथोलिक चर्चको अधिकारसँग नमिल्ने येशूभक्तहरूलाई भयानक यातना दिएको थियो।

**यद्यपि मर्कूस १३:२०-२३ पढ्नुहोस्। भयानक यातना वा सतावटको समयमा परमेश्वरका जनहरूलाई के आशा परमेश्वरले प्रदान गर्नु भएको छ र उहाँले के चेतावनी पनि दिनुभएको छ? हेर्नुहोस्, "२० यदि परमेश्वरले ती दिन नघटाइदिनुभएको भए ता कुनै मानिस बाँच्नेथिएन, तर उहाँले चुन्नुभएकाहरूका खातिर ती दिन घटाउनुभएको छ। २१ त्यो बेला कसैले तिमीहरूलाई 'हेर, ख्रीष्ट यहाँ छन्' वा 'त्यहाँ छन्' भन्यो भने, तिमीहरू विश्वास नगर। २२ किनभने झूटा ख्रीष्टहरू र झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, अनि सम्भव भए, चुनिएकाहरूलाई भ्रममा पार्न तिनीहरूले चिन्हहरू र आश्चर्यका कामहरू गर्नेछन्। २३ तर तिमीहरूचाहिँ होशियार रहो। हेर, मैले तिमीहरूलाई सबै कुरा अघिबाटै भनिदिएकै छु।"**

परमेश्वरका जनहरूको निम्ति सतावटको समय छोट्याइने छ भनेर मर्कूस १३:२०मा उल्लेख गरिएको छ। ऐतिहासिक रूपमा भन्ने हो भने इसाई सुधारवादी वा प्रोटेस्टेन्ट रिफोर्मेशनको समयमा सतावटको आगो केही मात्रामा मत्थर भएको थियो।वेदना वा यातनाको समय अलिकति छोट्याएको थियो। जब सानो सिङ्ग वा पोपको शक्तिको विगिविगीलाई मत्थर पारिएको थियो, तब धेरै मानिसहरू सुधारवादी इसाईहरूमा समावेश हुन पुगेका थिए। तर प्रकाश १३ को अनुसार सानो सिङ्ग वा पोपको विगिविगीको फेरि उदय हुनेछ भनेर भविष्यवाणी गरिएको छ।

मर्कूस १३:२१-२३ मा येशूले अर्को खतरालाई औंल्याउनु भएको छ। त्यस समय धेरै नकावधारी मसीह, उद्धारकर्ता, जगतगुरु, स्वामी, मुक्तिदाताहरूको उदय हुनेछ। यो चर्तिकला येशूको दोस्रो तेजस्वीमय आगमन भन्दा पहिले हुनेछ। ती धोखेवाजा धर्मगुरु वा मसीहाहरूदेखि होशियार हुन येशूले उहाँका भक्तहरूलाई सजग गराउनुभएको छ।

**येशूले झुठो ख्रीष्ट वा नकावधारी मसीहाहरूको आगमन हुनेछ भनेर सजग गराउनुभएको बेलामा येशूलाई विश्वास गर्ने अभियान भर्खर सुरु मात्र भएको थियो। तर उहाँले यो अचम्म लाग्दो भविष्यवाणी गर्नुभएको थियो। यो युगौंदेखि सत्य सावित भइरहेको छ। अहिले पनि धेरै मानिसहरू येशू, मसीह,**

जगतगुरु, उद्धारकर्ता सबैको स्वामी भनेर धर्मको नाउँमा वा अझ राजनीतिकै नाउँमा दावी गरेर आफूहरूतिर तान्ने चर्तिकलाको विगिविगी भइरहेको छ। येशूले गर्नुभएको भविष्यवाणी पूरा हुँदै गर्दा परमेश्वरको वचनमा हामी कसरी भरोसा राखेर अघि बढिरहने?

## ५. मानिसको पुत्रको आगमन

मर्कूस १३:२४-३२मा के महान् घट्नालाई औंल्याइएको छ? हेर्नुहोस्, "२४ "तर ती दिनमा त्यस महासङ्कष्टपछि सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन, २५ ताराहरू आकाशबाट खस्नेछन्, र आकाशमा भएका शक्तिहरू डगमगाउनेछन्। २६ अनि त्यस समयमा मानिसहरूले मानिसको पुत्रलाई शक्ति र महिमासित बादलमा आउँदैगरेको देख्नेछन्। २७ तब उसले स्वर्गदूतहरूलाई पठाउनेछ, र पृथ्वीको अन्त्यदेखि आकाशको अन्त्यसम्म चारै दिशाबाट आफ्ना चुनिएकाहरूलाई भेला गर्नेछ। २८ "अञ्जीरको रूखबाट पाठ सिकः त्यसको हाँगा कमलो भएर पालुवा हाल्ने बित्तिकै ग्रीष्म ऋतु नजिक आएछ भन्ने तिमीहरू थाहा पाउँछौ। २९ यसरी नै तिमीहरूले पनि जब यी घटनाहरू भइरहेका देख्छौ, तब ऊ नजिक छ, ढोकामा नै छ भन्ने जान। ३० साँच्चै म तिमीहरूलाई भन्दछु, यी सबै कुरा भई नसकूञ्जेल यो पुस्ता बितिजानेछैन। ३१ स्वर्ग र पृथ्वी बितिजानेछ, तर मेरा वचन कहिल्यै बित्नेछैनन्। ३२ "तर त्यस दिन र त्यस घड़ीको विषयमा पिताले बाहेक अरू कसैले जान्दैन, न त स्वर्गमा हुने स्वर्गदूतहरूले न पुत्रले।"

यो महान् र उल्लेखनीय घट्ना अरू केही नभएर येशू ख्रीष्टको महिमित पुनर्आगमन हो। उहाँ आउनुभन्दा पहिले नक्षेत्रमा धेरै चिन्हहरू हुनेछन्। सूर्य र चन्द्रमा र ताराहरूमा चिन्ह हुनेछन्। नयाँ करारमा यस अचम्मको घट्नाको बारेमा भरिएको छ। प्रेरित पावलले यसको विस्तृत रूपमा १ थेस्सोलिनिकी ४:१३-१८मा वर्णन गरेका छन्। ख्रीष्टमा सुतेकाहरू जीवनको निम्ति बौराउनेछन् र जीवित सन्तहरूसँगै तिनीहरू आकाशमा ख्रीष्टलाई भेट्न उड्नेछन्। १ कोरन्थी १५मा मरेकाहरूको पुनरुत्थानको वास्तविकतालाई विस्तृत तरिकाले वर्णन गरेका छन्। यो येशूको आगमनमा हुनेछ। २ पत्रुस ३:३-१३मा पनि त्यस महान् दिनको बारेमा चर्चा गरिएको छ। उहाँ आउन किन ढिलो भयो भन्दा संसारमा कोही मानिस पनि नाश नहोस् भन्ने उहाँ चाहनुहुन्छ र सबैले आआफ्नो पाप तथा गलत जीवनबाट

पश्चात्ताप गरेर उहाँतिर भनेर उहाँ पर्खिरहनुभएको छ भनेर पत्रुस जिकिर गर्दछन्। प्रकाशको पुस्तकमा उहाँको पुनर्आगमन अत्यन्तै भावुक र प्रभावकारी रूपमा वयान गरिएको छ (प्रकाश १:७, ६:१२-१७, १४:१४-२० र १९:११-२१)। येशूको आगमन कुनै अदृश्य वा टाढा देश वा ठाउँमा नभएर उहाँ व्यक्तिगत रूपमा सबैले देख्ने सुन्ने र वास्तविक रूपमा नै फर्किनुहुनेछ। यस संसारको प्रत्येक कुना काप्चामा रहेको मानिसले उहाँलाई प्रत्यक्ष देख्नुहुनेछ भनेर नयाँ करारले सिकाउँदछ।

तर, "यस पुस्ता" भनेर येशूले सम्बोधन गर्दा त्यसको अर्थ के हो, "त्यो दिन" वा "त्यो घडी" भन्नुको अर्थ के हो? यी भनाइहरूले धेरै मानिसहरूलाई अन्यौलमा पारेका छन् किनकि येशूले बोल्नुभएको पुस्ता धेरै पहिला मरिसकेका छन्।

यस अंशको भेद खुलाउन धेरै अर्थहरू लगाएका छन्। कतिले त्यो पुस्ता भन्दा मानिसको जाति वा यहूदीहरू भनेर अनुमान गरेका छन्। त्यसको अर्थ येशूको दोस्रो आगमन पहिले यहूदी जातिको नाश हुनेछैन। अर्को अर्थमा जो पुस्ताले सबै चिन्हहरू भएको अनुभव गर्नेछन् तिनीहरू येशूको पुनर्आगमन नभएसम्म नाश हुनेछैन।

मर्कूस १३:३० अनुसार त्यसको सरल समाधान यही हो कि जब येशूले "यो" भन्नुभएको "यो पुस्ता" र मर्कूस १३:३२ अनुसार "त्यो" भन्दा "त्यो दिन र घडी"लाई औंल्याउँछ। मर्कूस १३मा "यो" (हिब्रूमा हुटोस् houtos हाउटे haute टौउटो touto) मर्कूस १-१३पदहरूमा धेरै पल्ट प्रयोग गरिएको छ। यसले यरुशलेमको बिनाशतिर औंल्याउँछ। त्यो शब्द यस अध्यायको अन्तिम भागमा त्यस शब्दलाई चित्रण गरेको छ।

त्यसकारण, "यो पुस्ता" भन्दा यरुशलेम बिनाश भएको देख्ने पहिलो पुस्ता हुनसक्छ जुन मर्कूस १३:३२मा वर्णन गरिएको छ। तर मर्कूस १३:३२ अनुसार दोस्रो आगमनको बारेमा सम्बोधन गरिएको छ जुन भविष्यमा हुनेथियो। यो पहिलो शताब्दीभन्दा धेरैपछि हुने कुरो थियो। त्यसकारण मर्कूस १३:३२ मा प्रयोग गरिएको शब्द "त्यो" भनेको ती घट्नाहरू हुन् जुन पहिलो शताब्दीभन्दा धेरै पछि हुने थियो।

**उपसंहारः**

**थप जानकारीः द दिजाएर अभ एजेजको पृ. ६२७-६४७को "अन द माउन्ट अभ ओलिभ।"**

यस संसारमा धेरै घट्नाहरू भइरहेका छन्। ती सुन्दा हाम्रो दिमाग र हृदयलाई नै खलबलाइ दिन्छ। हामीलाई पीडा र वेदना हुन्छ। कतिपय मानिसहरू डरले छतपताउँछन्। यस खालको परिस्थित भोगिरहेको समयमा हामीमा परमेश्वरको सत्य वचनले हामीलाई आशा दिन्छ। तर सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले निराशामा परिरहेका मानिसहरूलाई येशूको आगमनलाई औँल्याउँदै कसरी आशा दिन सक्छौं?

"येशूको आगमनको ठिक समय हामीलाई थाहा नभएकोले हामीलाई चनाखो भएर बस्न उहाँले आदेश दिनुभएको छ।"ती नोकरहरू धन्यका हुन्, जसका मालिक घर आउँदा तिनीहरूलाई जागिरहेका भेट्टाउनेछन्।"लूका १२:३७। जो येशूभक्तहरू येशूको आगमनको प्रतिक्षा गर्छन् तिनीहरू चुपचाप अल्छि भएर बस्दैनन्। येशू ख्रीष्टको आगमनको प्रतिक्षाले मानिसहरूलाई परमेश्वर प्रति भय वा श्रद्धा देखाउन र अधर्मी तथा परमेश्वरका आज्ञाहरूलाई बेवास्ता गर्नेहरूलाई उहाँले गर्नु हुने न्यायको बारेमा सजग गराउन हो। उहाँले उपलब्ध गराउनुभएको दया र मुक्तिको बरदानलाई अस्वीकार गर्दा मानिसहरूले ठुलो पाप गरेका छन् भन्ने महसुस गराउन पनि उहाँ आउन ढिलो भइरहेको छ। जो मानिसहरू उहाँको आगमनको प्रतिक्षा गर्छन् तिनीहरूले सत्यको पालन गर्दै आफ्ना आत्माहरूलाई शुद्ध गरिरहेका हुन्छन्। तिनीहरू परमेश्वरको काममा लनशील भएर चनाखो हुँदै उहाँको आगमनको प्रतिक्षा गरिरहेका हुन्छन्। यिनीहरू बफादारी र बुद्धिमान सेवकहरू हुन जसले परमेश्वरको घरानालाई हेरचाह गर्दछन्। प्रभुले भन्नु भयो, " "त्यो विश्वासी र बुद्धिमानी भण्डारे को हो, जसलाई त्यसका मालिकले आफ्ना परिवारलाई निश्चित समयमा तिनीहरूका भागमा पर्ने भोजन दिनलाई खटाउनेछन्?" लूका १२:४२। तिनीहरूले अहिले नै उपयोगीमूलक सत्यलाई घोषणा गरिरहेका हुन्छन्। जसरी हनोक, नोहा, अब्राहम र मोशा सबैले आआफ्नो समयको सत्यलाई घोषणा गरेका थिए, त्यसरी नै अहिलेको पुस्तालाई ख्रीष्टका सेवकहरूले येशूको आगमनको बारेमा विशेष सजग गराइरहेका हुन्छन्।"-द *डिजाएर अभ एजेज,* पृ. ६३४।

**चिन्तनमननः**

अ. परमेश्वरको कामको निम्ति दिनु एक पक्ष हो। तर उहाँको कामको निम्ति त्यागेर दिनु अर्को पक्ष हो। त्यसमा के फरक छ र त्यस भिन्नतामा किन महत्त्वपूर्ण छ?

आ. शताब्दीयौं देखि र आज पनि आफ्ना जनहरूलाई यातना र सतावट दिँदा परमेश्वरले किन रोक्नुभएन? परमेश्वर र सैतानको बीचमा भएको महान् द्वन्द्वको विषयले सतावटको अस्तित्व किन भयो भनेर हामीलाई केही मात्रामा कसरी बुझाउँछ?

इ. वर्तमान संसारमा येशूको आगमनको चिन्ह कुन उल्लेखनीय रूपमा तपाईंको निम्ति खडा भइरहेको छ?

ई. मानिस मरेपछि के हुन्छ भन्ने विषयमा सोच्नुहोस्। मरेकाहरू येशू नआउञ्जेल सुतिरहेका हुन्छन् भनेर हामी सेभेन्थ-डे एडभेन्टिस्टले सिकाउँछौं। मानिसहरू मृत्युमा आँखा चिम्लिन्छ, तब आँखा खोले पछि तिनीहरू कहाँ हुनेछन्? यस धारणाले प्रत्येक व्यक्तिको निम्ति येशू ख्रीष्टको दोस्रो आगमन धेरै नजिक छ भनेर कसरी बुझाउँछ?

## कथा १०

## "एडभेन्टिस्टहरू परमेश्वरका जनहरू हुन्", भाग ७

अनुश र आमालाई सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा आराधना गर्ने बन्देज लगाउनु अघि उनी एडभेन्टिस्ट डिभलपमेन्ट एण्ड रिलिफ एजेन्सीमा प्रोजेक्ट मेनेजारको रूपमा काम गर्दथिन्। त्यस एडभेन्टिस्ट संस्थामा काम गर्न पनि उनले छोडेकी थिइन्। तर जब बाबुले त्यो बन्देज हटाए तब उनले आड्रामा फेरि काम गर्न थालेकी थिइन्।

उनको कामको सिलसिलामा उनका बुबाले धेरै एडभेन्टिस्ट पाहुना अगुवाहरूलाई भेटे। उनले युरो-एशिया डिभिजनका आड्राका निर्देशकलाई पनि भेटेका थिए। उनले पूर्व सोभियत युनियनका र आर्मेनिया देशहरूमा आड्राको कामलाई रेखदेख गर्दथे।

अनुशले पाहुनाहरूलाई आफ्नो घरमा ल्याए। ती मानिसहरू लगनशील, इमान्दारी र राम्रो शिक्षित वर्गका भएकाले बाबुले तिनीहरूप्रति प्रभावित भएका थिए।

"एडभेन्टिस्टहरू असल र भलाद्मी मानिसहरू हुन्," भनेर बाबुले अनुशलाई सुनाए।

जब बाबुको घरको सहरमा सात जना महिलाहरू एडभेन्टिस्ट घरेलु चर्चमा जान्थे, तिनीहरू पनि असल नै थिए भनेर बाबुले निश्कर्ष निकाले।
अनुशलाई अमेरिकाको सेभेन्थ-डे एडभेन्टिस्ट आन्ड्र्यु विश्वविद्यालयमा मास्टर गर्न स्वीकारिएको थियो। युरो-एशिया डिभिजन र आड्राले उनको खर्च बेहोर्ने मञ्जुर गरे। त्यसमा पनि बाबु प्रभावित भएका थिए। अनुशको निम्ति जे उत्तम थियो त्यही गर्न उनी चाहेका थिए।

जब अनुशले आन्ड्र्युजमा एमए अध्ययन गरि सिध्याइन् तब उनलाई आर्मानियामा आड्रा निर्देशक बनाइएको थियो। विभिन्न कार्ययोजनाहरूलाई अनुशले रेखदेख गरेको बाबुले देखे। उनले एडभेन्टिस्ट चर्च र एडभेन्टिस्ट जीवनशैलीदेखि प्रभावित हुन थाले। उनले आफ्नो सानो किराना पसलबाट चुरोट र मादक पदार्थ बेच्न छोडे।

समय बित्दै जाँदा उनले बप्तिस्मा पनि लिए र एडभेन्टिस्ट चर्चमा सरिक हुन थाले। त्यो अनुशकी आमाले बप्तिस्मा लिएको नौ वर्षपछि भएको थियो। अनुशले आफ्नो बाबुले परमेश्वरकहाँ पुगुन् भनेर २१ वर्षसम्म प्रार्थना गरिरहेकी थिइन्।

बप्तिस्मा लिएपछि बाबुले आफूले बाइबल पढिरहेको बेलामा प्रश्न गर्दा चकित पार्ने साथीलाई भेटेर यो सुनाए, "के तपाईंलाई थाहा छ तपाईंका बोलीहरूले मेरो जीवन नै परिवर्तन गरियो? म केवल बाइबल पढ्ने मात्र नभएर बप्तिस्मा पनि लिएँ र चर्च सक्रिय रूपमा जान थालेको छु।"

"तपाईंले के भनिरहनुभएको छ सो म बुझ्दिनँ," साथीले सोधे। "'यदि येशू भोली नै आउनुहुन्छ र उहाँले सोध्नुहुँदा 'मैले बाइबल मात्र पढेको छु' त्यति मात्र भने पुग्छ र?" भनेर तपाईंलाई सोध्नुभएको थियो।

त्यो आफूले कहिल्यै नभनेको साथीले भने, "मैले त्यो कहिल्यै पनि भनेको छैन। तपाईंको बारेमा मैले कहिल्यै न्याय गर्ने छैन। मैले भनें भनेर तपाँईंले भन्नुभएकोमा तपाईंले गल्ती गर्नुभएको छ।

त्यस क्षणमा आफ्ना साथीद्वारा परमेश्वरले बोलीरहनुभएको थियो भनेर बाबुले महसुस गरे। साथीले के भनेका थिए त्यो उनलाई थाहा नै थिएन।